# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

सातौं अधिवेशन

दोस्रो बैठक

**दैनिक कार्यसूची**

## मिति २०८१ फागुन २ गते, शुक्रबार, दिनको १:०० बजे

**प्रदेश प्रमुखको कार्यालयको पत्र**

१. माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर, मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन र विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुहुने।

**सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुबाट सम्बोधन**

२. अधिवेशन प्रारम्भको अवसरमा सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुले सभालाई सम्बोधन गर्नुहुने।

**अध्यादेश सम्बन्धी कार्य**

३. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारबाट जारी भएको "गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको अध्यादेश" लाई स्वीकृत गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**वार्षिक प्रतिवेदन पेस**

४. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश लोक सेवा आयोगको चौंथो वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१ सभामा पेस गर्नुहुने ।

**व्यवस्थापन कार्य**

५. माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले “सामयिक कर असूल गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सभामा पेस गर्नुहुने।

६. माननीय उद्योग तथा पर्यटन मन्त्री श्री मित्रलाल वस्यालले “गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक” सभामा पेस गर्नुहुने।

**विषयगत समितिमा सदस्यको मनोनयन तथा हेरफेर र समितिको कार्य अवधि थप**

७. माननीय सभामुखले विषयगत समितिमा रहने माननीय सदस्यहरुको मनोनयन तथा हेरफेर सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुहुने।

८. माननीय सभामुखले गण्डकी प्रदेश सभा नियमावली, २०८० संशोधन मस्यौदा समितिको कार्य अवधि थप सम्बन्धी प्रस्ताव गर्नुहुने।

......................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव